# राष्ट्रपति पौडेलसँग बेलायती राजकुमारको भेटवार्ता



काठमाडौं। राष्ट्रपति रामचन्द्र पौडेलले जलवायु परिवर्तन आजको विश्वको प्रमुख चिन्ताको विषय भएकाले यो समस्या समाधानका लागि सबै मिलेर काम गर्नुपर्ने बताएका छन् ।

राष्ट्रपति पौडेल र बेलायतका राजकुमार एडवार्डबीच मंगलबार राष्ट्रपति भवन शीतलनिवासमा भएको शीष्टाचार भेटमा उनले सो धारणा व्यक्त गरेका हुन् । 'जलवायु परिवर्तन आज विश्वको प्रमुख चिन्ताको विषय बनेको छ, जलवायु परिवर्तनको प्रत्यक्ष मारमा परेको नेपालले विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरूमा हिमाल संरक्षणको विषयलाई प्रमुखताका साथ आवाज उठाउँदै आएको छ', राष्ट्रपति पौडेलको भनाइ उद्धृत गर्दै उनका प्रेस सल्लाहकार किरण पोखरेलले बताए ।

यसै सन्दर्भमा नेपालले सगरमाथा संवादको थालनी गर्न लागेको राष्ट्रपति पौडेलले जानकारी दिए। उक्त मञ्चको पहिलो संस्करण आगामी १६ देखि १८ मेसम्म काठमाडौंमा 'जलवायु परिवर्तन, हिमाल र मानवको भविष्य' विषयमा आयोजना हुन गइरहेको उनको भनाइ थियो ।

राष्ट्रपति पौडेलले बेलायतका राजपरिवारका सदस्यहरूबाट विभिन्न समयमा हुँदै आएका नेपाल भ्रमणले दुई देशबीच रही आएको सुमधुर सम्बन्धलाई अझ मजबुत पार्न योगदान दिएको बताए। साथै उनले महारानी एलिजाबेथ द्वितीय र राजकुमार फिलिपबाट सन् १९६० र १९८६ मा नेपालको राजकीय भ्रमण भएको स्मरण गरे ।

'नेपाल र बेलायतबीच सदियौंदेखि घनिष्ट सम्बन्ध रही आएको छ, महत्वपूर्ण विकास साझेदारसमेत रहेको बेलायतले नेपालको चौतर्फी विकासमा सहयोग पुऱ्याउँदै आएकोमा धन्यवाद व्यक्त गर्दछु', राष्ट्रपति पौडेलले भने। साथै सो अवसरमा उनले नेपाली नागरिक र आफ्नातर्फबाट राजा चार्ल्सको व्यक्तिगत सुख एवम् सुस्वास्थ्यको शुभकामना व्यक्त गरे ।

नेपाल भ्रमणका लागि बेलायतका राजकुमार एडवार्ड पत्नी सोफीयासहित आजै काठमाडौं आएका हुन्। सो अवसरमा राजकुमार एडवार्डले नेपालमा जलवायु परिवर्तनले पारेको असर र त्यसको न्यूनिकरणमा नेपालले गरेको प्रयासका बारे भ्रमणका क्रममा जानकारी हुने विश्वास व्यक्त गरे । उनले भ्रमणका क्रममा प्रकृति कति जोखिम अवस्थामा छ र हिमालमा जलवायु परिवतर्नले कस्तो असर पारेको छ भनेर जान्न बुझ्न पाउने पनि बताए ।

बेलायतको राजपरिवारका सदस्यबाट नेपाल आउने प्रयास भइरहेको र नेपाल आउँदा आफूलाई अत्यन्त खुसी लागेको बताउँदै राजकुमारले नेपाल बेलायतबीच भविष्यमा सहयोगको आदानप्रदान गर्दा युवा र महिला सशक्तिकरणको विषय सान्दर्भिक हुने बताए। उनले ब्रिटिस सेनामा नेपालले भर्तिको लागि दिएको स्वीकृतिका लागि आभार प्रकट गर्दै नेपाल बेलायतबीचको सुमधुर सम्बन्धमा ब्रिटीस गोर्खा सेना कोशेढुंगा रहेको उल्लेख गरे। सोही अवसरमा राष्ट्रपति पौडेलसमक्ष बेलायती सेनाको 'गोर्खा-ब्रिगेडका' प्रमुख मेजर-जनरल जेराल्ड स्ट्रिकल्याण्डले 'ब्रिगेड अफ गोर्खा' को सन् २०२४ को वार्षिक प्रतिवेदन पेस गरे ।

राष्ट्रपति पौडेलले सो प्रतिवेदन प्रस्तुत गरेकामा बेलायत सरकारप्रति आभार प्रकट गर्दै 'ब्रिटिस-गोर्खा' हाम्रो द्विपक्षीय सम्बन्धको महत्वपूर्ण कडी भएको बताए। 'ब्रिटिस-गोर्खा हाम्रो द्विपक्षीय सम्बन्धको महत्वपूर्ण कडी हो, जनस्तरको सम्बन्धलाई थप सुदृढ गर्न पनि यसले महत्वपूर्ण योगदान पुऱ्याएको छ', राष्ट्रपति पौडेलको भनाइ थियो ।

# टेलिकमले आफ्ना काम समीक्षा गरेर अगाडि बढ्नुपर्छ : मन्त्री गुरूङ

काठमाडौं। सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरूङले नेपाल टेलिकम (नेपाल दूरसञ्चार कम्पनी लिमिटेड) ले आफ्ना कामको समीक्षा गरेर अगाडि बढ्नुपर्ने बताएका छन्। टेलिकमको २१औं वार्षिकोत्सवको अवसरमा मंगलबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले टेलिकमको आम्दानी बर्सेनि घट्दै गएको र निजी क्षेत्रबाट सञ्चालित कम्पनी अगाडि आइरहेको सन्दर्भमा टेलिकमले गहिरो गरी समीक्षा गर्नुपर्ने बताए ।

सरकारका प्रवक्ता समेत रहेका मन्त्री गुरूङले भने, "सरकारी कम्पनीमध्ये टेलिकमप्रति हामीले गर्व गरिरहेका छौं, तर प्रतिस्पर्धी बजारमा यही पाराले टेलिकम चल्दैन, यही बेलामा हामीले समीक्षा गर्न सकिएन भने पछि पछुतो हुनसक्छ।" मन्त्री गुरूङले बढ्दो प्रविधिको प्रयोगलाई टेलिकमले अवलम्बन गर्दै सेवा विस्तार गरी निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्नुपर्ने बताए । उनले जनताप्रति उत्तरदायी बनाउनका लागि टेलिकममा कम्तीमा २५ प्रतिशत शेयर जनताको हुनुपर्ने उल्लेख गरे। "सुशासनसँग जोडिएको विषय इ-गभर्नेन्स हो, त्यसको लागि फोर-जी गाउँ-गाउँमा पुग्नु पऱ्यो, त्यसो गरेको खण्डमा यो क्षेत्रको विकास धेरै हुन्छ", मन्त्री गुरूङले भने । उनले अहिले पनि ग्रामीण स्थानमा टेलिकमको टावरको समस्या भइरहेको बताउँदै गुणस्तरीय र प्रभावकारी सेवामा ध्यान दिन टेलिकमका कर्मचारीलाई निर्देशन दिए ।

बढी जनसंख्या भएको मधेसका २२ वटा जिल्लामा अहिले पनि टेलिकमको उपस्थिति कमजोर रहेको जनाउँदै यो वर्ष मधेसमा पर्याप्त टेलिकमको पूर्वाधार विकास गरी अवरोधरहित सेवा-प्रवाह गर्न पनि मन्त्री गुरूङले निर्देशन दिए। उनले सामाजिक सञ्जाललाई व्यवस्थापन गर्नका लागि सरकारले 'सामाजिक मिडिया प्रयोग र नियमन गर्ने विधेयक' संसद्मा दर्ता गरेको बताए। नेपाललाई 'आईटी हब' को रूपमा विकास गर्नका लागि सञ्चार, सूचना र प्रविधिसँग जोडिएका अन्य ऐन/कानुन निर्माण तथा संशोधन गर्ने तयारीमा रहेको उनको भनाइ छ ।

सरकारका प्रवक्ता गुरूङले मुलुकको आवश्यकताको आधारमा जनताको हितको निम्ति सरकारले अध्यादेशमार्फत विधेयक ल्याउनुपरेको प्रष्ट पारे । सञ्चार मन्त्रालयका सचिव तथा टेलिकमका अध्यक्ष राधिका अर्यालले भौगोलिक रूपमा अत्यन्त विकट गाउँमा टेलिकमले सेवा विस्तार गरिरहेको सन्दर्भ उल्लेख गर्दै मुलुकलाई डिजिटलाइजेसन गर्ने सरकारको योजनामा सहयोग पुऱ्याउन सबैलाई आग्रह गरे ।

पूर्वाधार विकास कार्यालय मोरङ, प्रस्तावक रहेका तल सूचनामा उल्लिखित मोटरेवल पुल आयोजनाहरुको संक्षिप्त वातावरणीय अध्ययन (BES) प्रतिवेदनहरुको

## सार्वजनिक सुनुवाई सम्बन्धी सूचना

प्रकाशित मिती: २०८१-१०-२१

श्री पूर्वाधार विकास कार्यालय मोरङ् प्रस्तावक रहेको तल तालिका बमोजिमका मोटरेवल पुल आयोजनाहरुको संक्षिप्त वातावरणीय अध्ययन (BES) सिलसिलामा आयोजना प्रभावित नगरपालिका तथा गाउँपालिकाहरुका स्थानीय जनसमुदायका साथै सरोकारवालाहरुलाई निम्न उल्लिखित मिति, स्थान र समयमा हुने सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित भई राय सुझाव दिन हुन सबैमा हार्दिक अनुरोध गरिन्छ ।

| क्र. सं. | आयोजनाको नाम | प्रभावित जिल्ला तथा स्थानीय तह | आयोजक | सार्वजनिक सुनुवाई हुने मिति, समय र स्थान |
|---|---|---|---|---|
| १ | कट्नु खोला मोटरेवल पुल (२५ मि.) निर्माण आयोजना | मोरङ जिल्ला, रतुवामाई नगरपालिका वडा नं. ८ | पूर्वाधार विकास कार्यालय मोरङ, ०२१-४६१७४५ | २०८१-१०-२३<br>बिहान ८ बजे<br>रतुवामाई नगरपालिका वडा नं. ८, दाम्राभिट्टा |
| २ | पथरी-होलि खोला मोटरेवल पुल (४१.२ मि. ) निर्माण आयोजना | मोरङ जिल्ला, पथरी-सनिश्चरे नगरपालिका वडा नं. ४ | पूर्वाधार विकास कार्यालय मोरङ, ०२१-४६१७४५ | २०८१-१०-२३<br>दिउँसो १२ बजे<br>पथरी-सनिश्चरे नगरपालिका वडा नं. ४, सनिश्चरे |
| ३ | गोही-होलि खोला मोटरेवल पुल (३५ मि. ) निर्माण आयोजना | मोरङ जिल्ला, पथरी-सनिश्चरे नगरपालिका वडा नं. ३ | पूर्वाधार विकास कार्यालय मोरङ, ०२१-४६१७४५ | २०८१-१०-२३<br>दिउँसो २ बजे<br>पथरी-सनिश्चरे नगरपालिका वडा नं. ३, विरेन्द्रनगर |

# नेपाल औषधि लिमिटेडले पायो अन्तरराष्ट्रिय मान्यताको जिएमपी प्रमाणपत्र

काठमाडौं । नेपाल औषधि लिमिटेडले विश्व स्वास्थ्य संगठनको मापदण्ड कुशल औषधि उत्पादन अभ्यास (जिएमपी) प्रमाणपत्र प्राप्त गरेको छ । लिमिटेडले सम्पूर्ण मापदण्ड पूरा गरेपछि स्थापना भएको पाँच दशकपछि आज औषधि व्यवस्था विभागबाट अन्तर्राष्ट्रिय मान्यताको उक्त प्रमाणपत्र प्राप्त गरेको कम्पनीका महाप्रबन्धक कैलाशकुमार पनेरुले जानकारी दिए। "विसं २०२९ सालमा कम्पनी स्थापना भए पनि २०६४/६५ सम्म जिएमपीको प्रावधान थिएन, यो प्रावधान आएपछि कम्पनीले औषधि उत्पादन बन्द गरेको थियो", उनले भने, "विसं २०७४ सालदेखि कम्पनीले सो मापदण्डमा औषधि उत्पादन सुरु गरेपछि आज मात्रै उक्त प्रमाणपत्र प्राप्त भएको हो ।

प्रमाणपत्र प्राप्त गर्नु आफैमा ठूलो उपलब्धि हो उनले बताए । हाल कम्पनीले ओरल रिहाइड्रेसन साल्ट (ओआरएस), ट्याबलेट र हेमोडालाईसस फ्लूइड (पार्ट-१ र २) अन्तर्गत १४ प्रकारका औषधि उत्पादन गरिरहेको छ। कम्पनीले आगामी दिनमा दीर्घरोगीका लागि लक्षित गरी कोलेस्ट्रोल, सुगर र प्रेसरको औषधि उत्पादनका योजना बनाएको महाप्रबन्धक पनेरुले जानकारी दिए ।

# कद घटाउँदै राजनीतिमा...

उनको भनाइ थियो, 'मैले पासाङजीलाई आउनु भनेको होइन । रिटायर्ड भएपछि म सक्रिय भूमिकामा आउनु चाहन्छु भनिरहनुभयो ।'

ती माओवादी केन्द्रीय सदस्य हेडक्वार्टरको यदि त्यो रणनीति हो भने त्यसले फाइदा नपुग्ने बताउँछन्। भएकै टिमलाई एकढिक्का बनाएर लान सक्नुपर्नेमा उनी जोड दिन्छन् ।

'पहिलो कुरा त हेडक्वार्टर कमजोर छैन भन्ने लाग्छ । किनभने अहिलेसम्म सिंगो पार्टीले नेतृत्वको रूपमा कमरेड प्रचण्डलाई नै स्वीकार गर्दै आएकै हो', उनी भन्छन्, 'तर यदि हेडक्वार्टर कमजोर भएको हो भने उहाँलाई ल्याएर पनि फेरि बलियो हुँदैन, त्यो चाहिँ सत्य हो । उहाँ मात्रै होइन जो कोहीलाई भित्र्याएर भन्दा पनि भएकै टिमलाई मिलाएर, एकढिक्का बनाएर लान सक्नुपर्छ ।'

राजनीतिक विश्लेषक चन्द्रकिशोर सिंगो मुलुकको अभिभावकको भूमिका रहिसकेको व्यक्ति पार्टी राजनीतिमा ओर्लिनुलाई लोकतन्त्रकै एउटा रुग्ण अभ्यास ठान्छन् ।

'सिंगो राष्ट्रकै नेतृत्व पंक्तिमा रहेको, साझा धरोहरका रूपमा रहिसकेका व्यक्ति त्यसैगरी अभिभावकीय भूमिकामा रहनुपर्ने हो', उनी भन्छन्, 'तर फेरि तेरोमेरो राजनीतिमा ओर्लिनु हामीजस्तो लोकतान्त्रिक अभ्यास गरिरहेका मुलुकका लागि रुग्ण अभ्यास हो ।' पछिल्लो समय दलहरू कम्पनीका रूपमा अघि बढिरहेकाले त्यसैको परिणामस्वरूप पूर्वउपराष्ट्रपति सक्रिय राजनीतिमा फर्कने अवस्था बनेको विश्लेषक चन्द्रकिशोरको बुझाइ छ ।

'अहिले के देखिन्छ भने पार्टीहरू कम्पनीका रूपमा अघि बढेका देखिन्छन् र आफ्ना सेयर होल्डर कसरी बढाउने भन्ने सोचमा नेताहरू छन् । त्यसैअन्तर्गत जनताको धरोहर भइसकेकाहरूलाई मूलधारको राजनीतिमा फर्काउने काम हुँदै छ' उनी भन्छन्, 'माओवादीमा पूर्वउपराष्ट्रपति, एमालेमा पूर्वराष्ट्रपतिलाई यसै गरिँदै छ ।'

दलका नेतृत्वहरू बाहिर जति बलियो देखिएका छन्, भित्र त्यति नै असुरक्षित मनोविज्ञानमा बाँचिरहेकाले जनतालाई देखाएर स्वार्थको राजनीति भइरहेको उनको ठहर छ ।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय
सहकारी विभाग

सम्पूर्ण सहकारी संघ/संस्थाका शेयर सदस्यज्यूहरुलाई अनुरोध

तपाईहरुको सहकारी संघसस्थाले समयमानै लेखापरीषण, साधारणसभा गरे नगरेको , मासिक, चौमासिक र बार्षिक प्रतिवेदन नियामक निकायमा बुझाउने गरे नगरेको, सम्पति शुद्धीकरण निवारण सम्बन्धी कानूनको परिपालना गरेको नगरेको, goAMl. मा नेपाल राष्ट्र बैकमा प्रतिवेदन गरे नगरेको साथै संघिय सहकारी विभागद्धारा सञ्चालित सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली(COPOMIS) मा आबद्ध भई नियमित रुपमा बिवरण प्रबिष्ट गर्ने गरे/ नगरेको ,सन्दर्भ व्याज दरको पालना गरे नगरेको, सेवा शुल्क तोकिए बमोजिम मात्र लिने गरे नगरेको र सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ तथा आफ्नो निकायबाट जारी गरिएको ऐन, कानून नीति ,नियम र विभागबाट समयमा जारी गरीएको नीति,नियम कार्यविधि तथा निर्देशन बमोजिम सस्था सञ्चान भएर नभएको विषयमा चनाखो भई ध्यान पुयाउनुका साथै सक्रिय सदस्यको रुपमा भूमिका निर्बाह गर्नु हून अनुरोध छ ।

## Mayadevi Rural Municipality
## Office of the Rural Municipal Executive
**Barewa Rupandehi**

**Invitation for Sealed Quotation**

**Notice No: 05 /MRMUN/SQ/GOODS/2081-82**

**Date of First Publication : 5th Feb, 2025**

1. **Mayadevi Rural Municipality, Barewa Rupandehi** invites electronic Sealed quotations from registered Suppliers for the Supply and delivery of various item as specified below under Sealed quotations – Single Stage One Envelope Bidding procedures.

| Contract ID | Description of Works | Estimated Amount Nrs. without VAT | Bid Security Amount Nrs. | Bid Doc. Fee (Non-Refundable) Nrs. |
|---|---|---|---|---|
| 02/MRMUN/SQ/Goods/2081-82 | Supply and delivery of 2hp Electric Motor at mayadevi-06 | 4,45,440.00 | Rs. 13,000.00 | Rs. 1,000.00 |
| 03/MRMUN/SQ/Goods/2081-82 | Supply, installation and testing of Street light at mayadevi -06 Bethari | 3,85,820.00 | Rs. 12,000.00 | Rs. 1,000.00 |
| 04/MRMUN/SQ/Goods/2081-82 | Supply and delivery of Hand Pump at mayadevi-04 | 6,86,880.00 | Rs. 20,000.00 | Rs. 1,000.00 |

2. Eligible Suppliers may obtain further information and inspect the Sealed quotations at PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.

**Chief Administrative Officer**

## आजको राशिफल

२०८१ माघ २३ गते, बुधबार

**मेष** (चु चे चो ला लि लु ले लो अ )
आजको दिन धनसम्पत्तिलाई लिएर दाजुभाइसँग केही मनमुटाव होला। तपाईंको पराक्रमले काम बन्ने देखिन्छ । फजुलमा नसोचेको खर्च हुनेछ।

**बृष** ( इ उ ए ओ बा बि बु बे बो )
कुनै चिठ्ठा वा पुरस्कार प्राप्त होला । इष्टमित्रसँग भेटघाट हुनेछ। धनप्राप्ति हुनेछ। सन्तानको खुशीले तनाव हट्नेछ।

**मिथुन** (का कि कु घ ङ छ के को ह)
आत्मबलमा गिरावट आउनेछ । मन खिन्न रहला । मान,सम्मानमा आँच आउला। चोटपटक र शत्रुदेखि सतर्क रहनु पर्ने देखिन्छ।

**कर्कट** ( हि हु हे हो डा डि डु डे डो )
काममा अवरोध सिर्जना होला । भाग्यले साथ दिँदैन। नरमाइलो अनुभूति भइरहला। स्वास्थ्यमा पनि समस्या झेल्नुपर्नेछ।

**सिंह** (मा मि मु मे मो टा टि टु )
बुबाआमा तथा परिवारबाट सहयोग पूरा हुनेछ। तपाईंको मान,सम्मान हुनेछ। नयाँ योजनाहरु स्थापित हुनेछन् । मित्र भेट हुने देखिन्छ।

**कन्या** ( टो प पि पु ष ण ठ पो )
आजको दिन रमाइलो हुनेछ। भाग्योदय बृद्धि हुने,आकस्मिक लाभ हुने होला। खर्चको उचित व्यवस्थापनमा ध्यान जानेछ।

**तुला** (र रि रु रे रो ता ति तु ते )
आज भाग्यले तपाईंलाई हर क्षेत्रमा साथ दिनेछ। नयाँ कामको सुरु होला । धार्मिक यात्राले मन प्रशन्न हुनेछ।

**बृश्चिक** (तो ना नि नु ने नो या यि यु)
आजको दिन बोलीमा माधुर्यता आउनेछ। यात्राबाट लाभ हुनेछ। मनोरञ्जनपूर्ण दिन बित्ने देखिन्छ। खर्चभन्दा आम्दानी बढी हुनेछ।

**धनु** (ये यो भा भि भु ध फा ढा भे )
मानसम्मानले तपाईंको खुसीको सीमा रहनेछैन । हरेक कुरामा साथीहरुको साथ रहनेछ। सही ठाउँमा आवश्यक मात्र खर्च हुनेछ।

**मकर** (भो जा जि जु जे जो खा खि खु खे खो गा गि)
आज धन आगमन हुनेछ। तपाईंलाई दु:ख दिनेहरु हार मान्नेछन्। समस्या सुल्झिनेछ। धैर्यताले काम गर्नुपर्ला ।

**कुम्भ** (गु गे गो सा सि सु से सो दा)
परिवारको सहयोगले सबै काम बन्नेछ। रमाइलो अनि सुखद यात्रा हुनेछ। आफूले गरेको कर्मप्रति गर्व प्राप्त हुनेछ।

**मीन** (दि दु थ झ ञ दे दो चा ची)
आजको दिन मन अस्थिर र चञ्चल रहला। सोचेभन्दा बढी खर्च हुनेछ । बसेको स्थान छोड्नु पर्ला ।